गौमुल गाउँपालिका
☎९८४८४९२७२७
गाउँ कार्यपालिकाको कार्यालय
घटमुना, बाँसुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८३।०८४
च.नं. ३९०

मितिः २०८३।०७।११
ने.सं:११४६ कौलागा तृतिया, बुधबार

रैथाने बाली (कोदो) उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रमका लागि प्रस्ताव आह्वानको सूचना

यस गौमुल गाउँपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक स्वीकृत रैथाने बालि प्रवर्द्धन कार्यक्रम अनुसार रैथाने बालीको उत्पादनमा आधारित प्रोत्साहन अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा रैथाने बालिको प्रतिस्पर्धात्मक क्षमता वढाउन उत्पादन लागत कम गरी खेती विस्तार गर्न सहयोग पुन्याउन रैथाने बालि कोदो खेती गर्ने कृषकहरुलाई उत्पादनको आधारमा प्रति किलो रु १० रुपौयाँ प्रोत्साहन वापत रकम उपलब्ध गराईने भएकाले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकवाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ दिनभित्र गौमुल गाउँपालिकाको कार्यालयमा तपसिल अनुसारका कागजातहरू संलग्न राखी आवेदन सहित प्रस्ताव आह्वान गरिएको छ। यस सम्वन्धी थप जानकारीका लागि फोनं.९८४८६८८२८६,९८६९९०७४७४,९८६८४४२९६९ मा सम्पर्क गर्न सकिनेछ।

तपसिल

१. निवेदनको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
२. कार्यालयले तोकेको ढाचाँमा आवेदन पत्र।
३. सम्वन्धित व्यक्तीको चेकको प्रतिलिपि ।
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि।

(नोटः ५ कुन्टल भन्दा वढी कोदो उत्पादन गर्ने कृषकहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ।)

दिपेन्द्र साकी
कृषि शाखा प्रमुख
शाखा प्रमुख
प्राविधिक सहायक (पांचौ)

दुर्गा दत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत
दुर्गादत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत